सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**साब्लाखु, ताप्लेजुङ**

१ नं. प्रदेश, नेपाल

सूचना नं. - २३-२०७७।०७८

मितिः २०७८।०१।२३

## बिषयः- कोरोना प्रकोप रोकथाम बारे।

प्रस्तुत बिषयमा यस गाउँपालिकाको **स्थानीय तह स्तरीय संकट ब्यबस्थापन केन्द्र**को मिति २०७८।०१।२१ गतेको निर्णयानुसार कोरोना भाइरसको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको कारण उत्पन्न प्रतिकुल अवस्थालाई मध्यनजर गर्दै प्रकोप रोकथाम तथा नियन्त्रणको लागि भएका निर्णयहरुको संक्षिप्त ब्यहोरा देहाय बमोजिम भएकोले आबश्यक कार्यान्वयन सहित संबन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. प्रभावित क्षेत्र तथा बिदेशबाट आउने नागरिकहरुलाई सम्बन्धित वडाले नै होम आइसोलेशनमा राख्ने ब्यबस्था मिलाउने।
२. गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई आबश्यक मास्क, सेनिटाइजर र फेस सिल्ड लगायत स्वास्थ्य साबधानीका अन्य आबश्यक उपकरणको ब्यबस्था गर्ने।
३. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाको हकमा अति आबश्यक प्रकृतिका, नगरी नहुने प्रकृतिका सेवाहरु मात्र प्रवाह गर्ने।
४. गाउँपालिकाको केन्द्र रहेको भञ्ज्याङ बजार बिहान ६-९ बजे सम्म र सांझ ३-६ बजे सम्म मात्र संचालन गर्ने। पसल अगाडी साबुन, पानी र स्यानिटाइजरको गर्नु पर्ने।
५. बिबाह, ब्रतबन्ध, बर्खान्त जस्ता सामाजिक कृयाकलापहरुको हकमा आबश्यक स्वास्थ्य सावधानी अपनाई बढीमा १५-२५ जना मात्र सहभागी भई संचालन गर्ने।
६. गाउँघरमा हुने बिभिन्न किसिमका भलिबल, फुटबल जस्ता खेलकुदजन्य गतिबिधि पुर्ण रुपमा बन्द गर्ने।
७. खाद्यान्न तथा अति आबश्यक बाहेक सबै प्रकारका यातायात सेवा र आवतजावतलाई बन्द गर्ने।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

sidingbarmtpj@gmail.com | http://www.facebook.com/sidingbamun | http://www.sidingbamun.gov.np

Scanned with CamScanner